# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## साईपाल गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

# महालेखापरीक्षकको कार्यालय

**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः २०७६।७७ मितिः २०७७/०३/२६
च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्षज्यू,
साईपाल गाउँपालिका
गाउँपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय

## (प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७७।७८
च.नं

मिति: २०७७।३।२६

श्री अध्यक्षज्यू,
साईपाल गाउँपालिका,गाउँपालिकाको कार्यालय,
बझाङ ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

### कैफियत सहितको राय

हामीले **साईपाल गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४ करोड ३० लाख ६५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड ५७ लाख ३६ हजार, नियमित गर्नुपर्ने रु.१७ लाख २० हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड २८ लाख ४७ हजार र रु १ करोड २७ लाख ६२ हजार पेश्की बाँकी रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १७ (सत्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

### वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी


आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पु¥याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पु¥याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।
२०७७ अषाढ २६ गते ।

# साईपाल गाउँपालिका,बझाङ
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु गाउंपालिकाको उदेश्य रहेको छ। यो गाउँपालीका अर्न्तगत ५ वडा रहेका छन् ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

**साईपाल गाउँपालिका**

| सि.नं. | आय तर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **१०४८९९५३.००** | १ | **चालु खर्च** | **६७४८५५८५.१२** |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | **६४८४६६५२.७१** |
| | ख) बैंक | १०४८९९५३.०० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | **२६९७१५६७.१२** | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | २०९५१७०.०० | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | २४८७६३९७.१२ | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | ०० | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | **१०९९९७०००.००** | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | ६००००००००.०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | ४४९२५०००.० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | ५०७२०००.०० | ५ | **समपुरक अनुदान** | |
| | घ) विशेष अनुदान | | ६ | **धरौटी फिर्ता** | **२८३००२५.००** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **१४३९६०००.००** | ७ | **कोष खर्च** | |
| | क)वित्तीय समानीकरण अनुदान | ६८९६०००.०० | ८ | **मौज्दात** | **३७६८५१९१.२९** |
| | ख) सशर्त अनुदान | ०० | | क) नगद मौज्दात | ७१००००.०० |
| | ग) समपूरक अनुदान | ०० | | ख) बैंक मौज्दात | २९६७३९३०.५३ |
| | घ) विशेष अनुदान | ७५०००००.०० | | ग) धरौटी मौज्दात | १७४५७५.०० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | फिर्ता रकम | ९७३११२९.०० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | चेक साट्न वाकि | (२६०४४४३.२४) |
| | क) ऋण प्राप्ति | | | | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| १० | **धरौटी आय** | ३००४६००.०० | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | |
| १२ | अन्य विविध आय (जेष्ठ नागरीक अपांग,बहुक्षेत्रीय,प्रदेश स्थानीय तह क्षमता विकास,प्रधानमन्त्री रोजगार,गरीव संग विश्वेश्वर र शिक्षा निर्देशनालय) | ७९८८३३४.०० | | | |
| | **जम्मा** | **१७२८४७४५४.१२** | | **जम्मा** | **१७२८४७४५४.१२** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । सोही वमोजिम गाउँपालीकाले प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको देखिन्छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण मिति २०७५/३/१० मा सभामा पेश गरि मिति २०७५/३/११ मा गाउँसभाबाट पारीत गरेको छ । | |
| ३. | **लेखा स्रेस्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराई सबै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखा सफ्टवेयर प्रयोग गरेको छैन । बजेट स्वीकृत गर्दा विषयगत योजनागत नभई एकमुष्ट स्वीकृत गरेको र खर्च अपुग भएमा पछि सभा बाट समर्थन गर्ने गरी खर्च गर्दा वजेट सिमाभित्र खर्च भएको छ भन्ने आधार रहेन भने खर्च नियमसंगत र पारदर्शी छ भन्न सकिएन । | |
| ४. | **संचितकोष** : यस गाउँपालिकाले संचितकोषको हिसाव अध्यावधिक गरेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम वित्तिय समानिकरण चालु र पुँजिगत खातामा वचत रकम आर्थीक वर्षको अन्त्यमा सञ्चित कोष दाखिला गरी खाता शुन्य गर्नु पर्ने देखिन्छ । असार मसान्त सम्म चालु खातामा रु.१३,५९,०६२/- र पुँजिगत खातामा रु. १०,५७,९८१/- वाँकि रहेकोमा मुल खातामा ट्रान्सफर गरी खाता शुन्य गरेको छैन । गाउँपालीकाले ऐन नियमको पालनामा ध्यान दिनु पर्ने देखियो । | |
| ५. | **लक्ष्य प्रगतिको स्थिति -**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्र स्तरिय आयोजनामध्ये अधिकांस आयोजनाको सो नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन । | |
| ६. | **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालिलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो सम्वन्धमा परीक्षण हुंदा गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस सम्बन्धमा कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावली २०६४ को दफा ८ अनुसार बार्षिक खरीद योजना तयार नगरेको,आर्थिक कार्यविधि ऐन २०५५ को दफा २० अनुसारको वेरुजुको लगत कायम नगरेको,जिन्सी खाता प्रमाणीत नगरेको र खप्ने सामान सबैको स्पेशिफिकेशन खुलाई दाखिला नगरेको, म.ले.प फाराम नं.२ तयार नगरेको, भ्रमण खर्च नियमावली,२०६४ को दफा २१ अनुसारको भ्रमण अभिलेख नराखेको, गाउँपालिका,वडाहरुवाट विषयगत शाखाको भिन्ना भिन्दै जिन्सी दाखिला गरेको भएपनि जिन्सीको एकिकृत अभिलेख व्यवस्थित नगरेको जस्ता कमजोरी देखिएकोले सुधार हुनु पर्दछ । : | |

| | | |
|---|---|---|
| | | |
| ७. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत सम्पन्न हुने कार्यको संचालन वा मर्मत संभार उपभोक्ता समिति वा लाभ ग्राही समुदायले गर्नु पर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । | |
| ८. | **आन्तरिक आम्दानी र दाखिला :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । तथा आर्थिक कार्यविधि नियमावली २०६४को नियम९(२) अनुसार कार्यालयले नगदी रसिद मार्फत दैनिक रुपमा प्राप्त गर्ने राजस्व आम्दानी ढिलोमा ७ दिनभित्र वैंक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले रसिद नियन्त्रण खाता राखेको छैन । वडामा वितरण गरेको रसिद ठेली लेखापरीक्षण अबधिसम्म गाउँपालीकामा फिर्ता नभएकोले लेखापरीक्षणमा पेश हुन सकेन । जसवाट कुन वडाबाट के कती राजस्व उठ्नु पर्ने हो कति उठयो र कति वाँकि छ ,सो यकिन हुन सकेन।साथै प्राप्त राजस्व तोकिएको समयमा वैंक दाखिला गरे नगरेको समेत यकिन हुन सकेन । कार्यालयले विभिन्न स्रोत बाट प्राप्त आय बैंकमा जम्मा भए पश्चात वैंक स्टेटमेन्ट र भौचरको आधारमा गोश्वरा भौचर उठाई आम्दानी जनाउने गरेको छ। आर्थिक विवरण अनुसार गाउँपालीकाले आन्तरीक कर दस्तुर तथा राजस्व बाँडफाड तर्फ समेत जम्मा रु. २०,९५,१७०/-आम्दानी गरेको छ । प्राप्त रकम मूल खातामा सिधै जम्मा भएको राजस्वको हकमा वेनामी भौचर उठाई आम्दानी जनाएको कारण आन्तरिक आम्दानीको वास्तविक आवस्था यकिन गर्न सकिएन । तसर्थ कार्यालयले नियमको पालना गरी आन्तरिक आम्दानी रकमको असुली यर्थाथता यकिन गरी सवै आम्दानी रकम दैनिक रुपमा वैंक दाखिला गर्नु पर्दछ । | |
| ९. | **नगद मौज्दात** : आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको नगद सोहि दिन वा भोलि पल्ट्टै वैंक दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने र १५ दिन भन्दा वढी ढिलो गरेमा २५ प्रतिशत जरिवाना असुल गरी नगद दाखिला गर्न लगाउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले आन्तरीक आय तर्फ निम्न व्यक्तीहरुको नाममा वर्षान्त सम्म नगद राखेको रकम ऐनको उक्त व्यवस्था वमोजिम जरिवाना समेत असुल गरी वैंक दाखिला गर्नु पर्ने देखिएको रु<br><table><tr><th>नगद जिम्मा लिनेको नाम</th><th>दाखिला गर्नु पर्ने रकम</th></tr><tr><td>नरेन्द्र धामि</td><td>४१७०००.००</td></tr><tr><td>जंग विर वोहोरा</td><td>४३०००.००</td></tr><tr><td>दिलु रोकाया</td><td>२५००००.००</td></tr><tr><td>जम्मा :</td><td>७,१०,०००/-</td></tr></table> | ७,१०,०००/- |
| १०. | **फिर्ता गर्न वाँकी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६, र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम विषयगत शशर्त अनुदान रकम वार्षन्त सम्मा खर्च नभई वचत रहेमा संघीय संचित कोष फिर्ता दखिला गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ । यस गाउँपालिको लागि विषयगत शशर्त अनुदान तर्फ यो वर्ष रु.४,४९,२५,०००/- निकासा लिएकोमा रु.३,५९,३९,३७१/- मात्र खर्च गरेको छ । खर्च नभई बाँकी रकम रु.१,०१,५९,३२१/- नियमानुसार संचित कोष फिर्ता गर्नु पर्नेमा गरेको देखिएन । यसरी फिर्ता नगरी पालिकाको खातामा मौज्दात रहेको रु.८९,८५,६२९।- फिर्ता गरी संघीय संचित कोषमा दाखिला हुनु पर्ने रकम रु. | ८९,८५,६२९।- |
| ११. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउंपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा सो समेत गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरणको लागि यो वर्ष रु | |

| | | |
|---|---|---|
| | ४,८७,९९,२००/- निकासा लिएकोमा रु.४८,७०,०००/- मात्र वितरण गरेको देखिएकोले बाँकी रकम रु.९२०/- संघीय संचित कोषमो दाखिला हुनु पर्ने रु. | ९,२००/- |
| ११.१ | **भत्ता दोहोरो खर्च लेखेको :**सामाजिक सुरक्षा भत्ता वितरण गर्दा निर्देशिकाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । MIS उपलब्ध हुन नसक्दा Online verification गर्न सकिएन । कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ । वडा नम्वर ३ मा निम्न व्यक्तिको दोहोरो परेकोले भुक्तानी रकम असुल हुनु पर्ने रु. | १७,६००/- |

| नाम | जन्म मिति | संरक्षक | भत्ताको किसिम | किस्ता | रकम |
|---|---|---|---|---|---|
| आकास वि.क (दोहोरो नाम भएको) | २०७३/२/८ | पारु कामि | वाल पोषण/दलित | तेस्रो | १६००.०० |
| संजना कुमारी विक | २०७१/३/१५,२०७१/३/२५ | पारु कामि | वाल पोषण/दलित | तेस्रो | १६००.०० |
| सरीता कुमारी कामि | २०७३/३/२१ | किन्थी कामि | वाल पोषण/दलित | दोस्रो,तेस्रो | ३२००.०० |
| सिधराज विक | २०७३/३/२१ | कविता विक | वाल पोषण/दलित | दोस्रो,तेस्रो | ३२००.०० |
| सिग वोहोरा | हस्ताक्षर नगरी खर्च लेखेको | गो.भौं नं.७ | | प्रथम | ८०००.०० |
| जम्मा | | | | | १७,६००/- |

| | | |
|---|---|---|
| १२. | **दैनिक भ्रमण भत्ता :** नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलब्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम गाउँपालिकामा संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलतापूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । गाउपालीकाको यो वर्ष आन्तरीक श्रोत तर्फ रु.२०,९५,१७०/- मात्र रहेको छ । जवकी चालु तर्फ रु ६,७४,८५,५८५/१२ खर्च गरको देखिन्छ । राजस्व वाँडफाड तर्फ वाट मात्र दैनिक भ्रमण भत्तामा रु.५५,६९,९१४।- खर्च लेखेको सो मध्ये असार महिनामा मात्र रु.१३,१४,०६५ खर्च लेखेको छ । यसरी दैनिक भ्रमण भत्ता लगायतको चालु एवं प्रशासनिक खर्चमा नियन्त्रण भएको देखिएन । तसर्थ आन्तरीक श्रोतको आधारमा दैनिक भ्रमण भत्ता लगायतका प्रशासनिक खर्च शिर्षकमा मा खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| १३. | **जिन्सी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नु पर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । गाउँपालीकाले नियमको उक्त व्यवस्थाको पूर्ण पालना गरेको छैन । जस्तै खर्च भएर जाने जिन्सी मालसामान आम्दानी गरी सोही दिन शत प्रतिशत खर्च देखाएको, खर्च भएर नजाने जिन्सी सामान हस्तान्तरण फारम वेगर आम्दानी घटाएको,,लिलाम वा मिन्हा तथा मर्मत संभार गरी जिन्सी खाता व्यवस्थित नगरेको जस्ता कमजोरी देखिएको छ । यसमा सुधार हुनु पर्दछ । साथै जिम्मेवार पदाधिकारीलाई जिम्मेवार वनाई जिन्सीको अभिलेख व्यवस्थित गर्नु पर्दछ । हस्तान्तरण फारम भर्ने लगायतको आवस्यक प्रकृया अवलम्वन नगरी जिन्सी सामान खर्च जनाएको केही उदारहण निम्न छन् । | |

| जिन्सी | आम्दानी मिति | खर्च मिति | संख्या | रकम |
|---|---|---|---|---|
| ल्यापटप डेल | २०७५/८/२३ | २०७५/८/२३ | १ | ५५०००.०० |
| ल्यापटप डेल | २०७६/२/१८ | २०७६/२/१८ | १ | ७७१७९.०० |

| | | | | |
|---|---|---|---|---|
| मोबाइल स्यामसुङ | २०७५/४/२८ | २०७५/४/२८ | १ | ३९९००.०० |
| क्यामेरा नेकोन | २०७६/२/१८ | २०७६/२/१८ | १ | ८६१६८.०० |
| स्क्यानर क्यानोन | २०७६/२/१८ | २०७६/२/१८ | १ | १२३८९.०० |
| फोटोकपी मेसिन ब्रदर | २०७६/२/१८ | २०७६/२/१८ | १ | ३११५०.०० |
| दराज स्टील | २०७६/३/२७ | २०७६/३/२७ | ११ | १५१३७०.०० |

१४. **सार्वजनिक निर्माणर्फ**

सार्वजनिक खरीद ऐन २०६३ को दफा ५२(क) अनुसार ठेक्का रकमको २० प्रतिशत सम्म मोविलाइजेसन पेश्की दिने व्यवस्था रहेकोमा कार्यालयले निम्नानुसारका योजनाहरुमा सो भन्दा वढी पेश्की दिएको छ । साथै बैंक ग्यारेन्टी समेत समावेस नगरी मोविलाइजेसन पेश्की दिएको नियम संगत देखिएन । यसरी वढी पेश्की दिएको रकममा निम्नानुसार व्याज सहित असुल फछ्र्यौट गर्नु पर्ने देखिएको रु. ७२,८९,३१६/-

| **योजनाको नाम** | **ठेक्का रकम** | **पेश्की दिएको रकम** | **दिन पाउने पेश्की** | **वढी पेश्की दिएको रकम** | **निर्माण व्यवसायिको नाम** |
|---|---|---|---|---|---|
| धलौनको बालकक्षा निर्माण | १७६८२८३.१८ | ७००००० | ३५३६५६ | ३४६३४४.०० | रकाल कन्सट्रक्सन |
| धलौनी निमावी घेरवार तथा ४ कोठे भवन | ११९५९६५८.८५ | ५२७२००० | २३९१९३१ | २८८००६९.०० | सुमन निर्माण सेवा |
| आधारभुत स्वास्थ्य सेवा भवन १ | ३४४३९००.३४ | १०००००० | ६८८७८० | ३११२२०.०० | सुविसा निर्माण सेवा |
| वडा नं. २ भवन | ३४४३९०९ | १९५२०१३ | ६८८७८१ | १२६३२३१.०० | सुविसा निर्माण सेवा |
| वडा नं ४ भवन | ३६६०६८८.४९ | २०००००० | ७३२५३७ | १२६७४६२.०० | प्रशान्त निर्माण सेवा |
| वडा नं.५ भवन | ३६५५१०९.२६ | १९५२०१३ | ७३१०२१ | १२२०९९१.०० | मोहन एण्ड ठोक्कल निर्माण सेवा |
| **जम्मा :** | | | | **७२,८९,३१७/-** | |

१५. **धलौनको वालकक्षा भवन :** यो भवन निर्माणको कार्य रकाल कन्स्ट्रक्सनले गरेकोमा सो निर्माण कार्य सम्वन्धमा निम्नानुसार भएको पाइयो ।

१५.१ **ड्रइङ्ग तयार नगरेको :** सार्वजनिक खरिद नियमावली २०६४ को १२५(३) वमोजिम निर्माण कार्यको भुक्तानी दिंदा ड्रइङ डिजाईन अनुसार भए नभएको नाँपजाँच गरी सोही वमोजिम प्रतिवेदन पेश गरेको आधारमा मात्र भुक्तानी दिने व्यवस्था छ । भवनको ड्रईङ्ग समावेश नभएकोले क्वान्टिटी यकिन गर्न सकिएन । साथै लागत अनुमानमा नभएको फिल्ड कटिङ्ग कार्य गरेको देखाई रु १,०४,४४२।- खर्च देखाएको छ भने भवनको आकार घटाएको पाइयो ।

१५.२ **नभएको कामको भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को १२३ वमोजिम निर्माण कार्यको नाँपजाँच गरी सोको वास्तविक मुल्यांकन को आधारमा विलको भुक्तानी दिनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले रंगरोगनको कार्य वाँकी रहेको जानकारी गराएको अवस्थमा समेत रंगरोगन वापत २६० $m^2$ को रु ३२१.४५ का दरले हुने रु ८३,५७७-मुल्यांकन गरी भुक्तानी दिएकोले नभएको कामको भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. ८३,५७७/-

१६ **काँडा मा.वि भवन :** यस मा.वि भवनको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा सो निर्माण कार्य सम्वन्धमा निम्नानुसार भएको देखियो ।

| | | |
|---|---|---|
| १६.१ | **परिमाण वढी देखाएको :** भवनको निर्माण गर्दा नै ६५५.२० घन मिटर कडा चट्टान काटेको देखाएको छ भने लागत अनुमान तयार गर्दा ५०० रनिङ्ग मिटर टाढा बाट ढुवानी देखाई स्टक्चर कार्यको दर विश्लेषण गरेको देखियो । सोही अनुसार लागत अनुमान वढी भई सोही वमोजिम भुक्तानी हुन गएकोले वढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु. | १,३२,३६८/- |

| कामको नाम | परिमाण घ.मी. | दर | वढी मूल्याङ्कन भएको |
|---|---|---|---|
| स्टोन सोलिङ | २.५९ | ६७०२.०० | १७३५८.०० |
| ड्राइस्टोन मेसोनेरी | १८.२७ | ६२९५.०० | ११५०१०.०० |
| जम्मा : | २०.८६ | १२९९७.०० | १,३२,३६८/- |

| | | |
|---|---|---|
| १६.२ | **वास्तविक कार्य नदेखाएको :** प्रथम रनिङ विलमा २७०० के.जि फलामको डण्डीको प्रयोग देखाएको र दोस्रो रनिङ विलमा आरसिसी स्टक्चर लगायतको कार्य नगरी थप २७०० के.जि नापी तथा विलमा समाबेस गरेकोले वास्तविक कार्य भन्दा वढी देखाएको २७९.०५ को दरले हुने रकम असुल गर्नु पर्ने रु. | ७,५३,४३५/- |
| १७ | **धुली नि.मा.वि घेरवार** : सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९ मा उल्लेखित कुराहरुको अधिनमा रहि १०(६) वमोजिम ड्इङ्ग,डिजाइनको नाँपजाचको आधारमा लागत अनुमान तयार गर्नु पर्दछ । धुली नि.मा.वि घेरवार तथा ४ कोठे भवन निर्माण को लागत अनुमान तयार गर्दा ड्रइङ्ग तयार गरेको छैन । लागत अनुमान तयार गर्दा पिसिसि फर आरसिसी को टाइ विम विलो द स्लाव मा निम्नानुसार वढी परिमाण देखाएको ले वढी लागत अनुमान गरेको र सोही अनुसार ठेक्का प्रक्रिया अनुमान गरेको र सोही अनुसार ठेक्का प्रक्रिया अनुसार सुमन निर्माण सेवाले कार्य गरेको छ । वढी लागत अनुमान तयार भएकोले लागत अनुमान र ठेक्का सम्झौता समेत संसोधन गरी वास्तविक कार्यको मात्र भुक्तानी गर्नु पर्ने रु. | १०,२८,१६०/३२ |

| कामको विवरण | देखाएको | हुनुपर्ने | फरक | रेट | जम्मा |
|---|---|---|---|---|---|
| PCC for RCC Tie beam below the Slab | 2×17.5×.025= 8.75 | 2×17.5×0.23× 0.23=1.85 | | | |
| | 5×4.8×.0.25= 6 | 5×4.8×0.23×. 0.23=1.27 | | | |
| Total | 14.75 | 3.12 | 11.67 | ५५६९९.३७ | ६४७७८३.६७ |
| Rer Bar 1.5% of Rcc | | | 1369 Kg | २७७.८५ | ३८०३७६.६५ |
| **वढी लागत अनुमान** | | | | | **१०,२८,१६०/३२** |

| | | |
|---|---|---|
| १८ | **काया लघु जलविद्युत योजना :**यस योजनाको विधुतिकरणको काम उपभोक्ता समिति मार्फत गराएकोमा सो कार्य सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् । | |
| १८.१ | **ढुवानी भाडा वढी दावि गरेको :** सार्वजनिक खरिद नियमावली २०६४ कोनियम ९७(६) वमोजिम उपभोक्ताले कामको प्राविधिक मुल्यांकन सहित सार्वजनिक निकायमा पेश गरेपछि सार्वजनिक निकायले सो मुल्यांकन तथा विलभर्पाई चेक जांच गरी भुक्तानी दिने व्यवस्था गरेको छ । काया लघु जलविद्युत योजना थरौनीघाट को वत्तिको फलामे पोल ढुवानीको कार्य उपभोक्ता समिति मार्फत गरेकोमा लागत अनुमान तयार गर्दा स्याडा सम्म विगत वर्षमानै ढुवानी गरी सकेकोमा स्याडा बाट योजना सम्म २६ कोषको मात्र लागत अनुमान तयार गरी खर्च लेख्नुपर्नेमा चैनपुर देखि नै ३० कोषको ढुवानी देखाएकोले ४ कोषको ढुवानी भाडा वढी दावि गरेको देखियो । यसरी वढी दावि गरेको ४×१२३ वटा×६३ केजी×रु १५=४,६४,९४०।- मा उपभोक्ता श्रमदान ८३,४१०।२३ कट्टा गरी बाँकी रु ३,८१,५२९/७७ वढी भएको रकम असुल | ३,८१,५२९/७७ |

| | | |
|---|---|---|
| | गर्नु पर्ने रु. | |
| १८.२ | **पाईप ढुवानी :** काया लघु वाँध जलविद्युतको एचडिपी पाइप को ढुवानी गर्दा प्रति केजी रु ११.२५ को दरले ३० कोष को ३३७.५०को दरले लागत अनुमान तयार गर्नु पर्नेमा ३७१.२५ को दर ले तयार गरी रु ३३।७५ कोदरले वढी उल्लेख गरेको देखिएकोले सोही वमोजिम वढी भुक्तानी हुन गएको ३१९२ के.जी.को रु १,०७,७३०।- असुल गर्नु पर्ने देखिएको रु | १,०७,७३०/- |
| १८.३ | **नभएको कामको भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ कोनियम ९७(६) वमोजिम उपभोक्ताले कामको प्राविधिक मुल्यांकन सहित सार्वजनिक निकायमा पेश गरेपछि सार्वजनिक निकायले सो मुल्यांकन तथा विलभर्पाई चेक जांच गरी भुक्तानी दिने व्यवस्था गरेको छ । काया जलविद्युतको नहर निर्माणको कार्य अन्तगरगत उपभोक्ता समितिले स्टोन मेसिनरी को रु २५३०१५४।२८को कार्य र पलास्टर को कार्य रु २५०२३४।३२ समेत रु २७,८०,३८८/६०को कार्य नभएको भनि जवाफ प्राप्त भएकोले सो कार्यको समेत भुक्तानी दिएको देखिएकोले नभएको कामको रकम असूल हुनु पर्ने रु. | २७,८०,३८८/६० |
| १९ | **थरौनी लघु जलविद्युत आयोजना :** सार्वजनिक खरिद नियमावली २०६४ कोनियम ९७(६) वमोजिम उपभोक्ताले कामको प्राविधिक मुल्यांकन सहित सार्वजनिक निकायमा पेश गरेपछि सार्वजनिक निकायले सो मुल्यांकन तथा विलभर्पाई चेक जांच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। थरौनी लघु जलविद्युत आयोजनाको पावर हाउस निर्माणको कार्य गर्दा विल साथ समावेश फोटोमा भवनभित्र प्लास्टरको कार्य गरेको नदेखिएकोले कार्य नभएको समेत भुक्तानी भएको ४२.९८ m2 को रु १०७४।३४ को दरले हुने रकम असूल हुनु पर्ने रु. | ४६,१७५/१३ |
| २० | **गडघट्ट लघु जलविद्युत योजना** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कर्नटिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यस लघु जलविद्युत योजनाको सम्झौता वमोजिम उपभोक्ता समितिले ८,९४,४९१।६० व्यहोर्नु पर्नेमा रु ५,९१८।७५ मात्र व्यहोरेकोले जन श्रमदान घटी हुंदा वढी भूक्तानी भएको रकम असूल गर्नुपर्ने रु. | ३,०२,६१७/- |
| २१ | **आयकर :** आयकर ऐन २०५८को दफा ८८ अनुसार खुद आयमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले गाउँपालीकाको गुरुयोजना निर्माण कार्य गर्ने कार्य साहारा नेपालबाट गराएको छ । उपरोक्त कार्यको लागि रु १० लाखको सम्झौता भै कार्य गरेकोमा ऐनको उक्त व्यवस्था व्मोजिम १५ प्रतिशतले हुने रकम रु १,५०,०००।- कट्टा गर्नुपर्नेमा रु ३२१४० मात्र कट्टा गरेकोले घटी कट्टा गरेको रकम असूल गर्नुपर्ने रु. | १,१७,८६०/- |
| २२ | **वित्तीय समानिकरण तर्फ :**<br>**काँडा सामुदायिक स्वास्थ्य भवन :** ३/२०७५/४/३० काँडा सामुदायिक स्वास्थ्य भवन निर्माणको लागि मुल्यअभिवृद्धि कर समेत रु ३३५८१४७.७५ को लागत अनुमान स्वीकृत गरी सोको उपभोक्ता संग संम्झौता भई सोही वमोजिम रकम निकासा दिएको देखिन्छ । सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् । | |
| २२.१ | **लमसम आइटम :** उपरोक्त बमोजिमको लागत अनुमान तयार गर्दा लमसम आइटमको रुपमा सोलार सेट ढुवानी,स्वास्थ्य सम्वन्धी उपकरण,स्टिल दराज,कुर्चि तथा औषधिको क्रमश २०,०००।-,४,००,०००।-,२५,०००।-,१५,०००।- र रु.३०,०००।- समेत जम्मा रु.४,९७,०००।- लागत अनुमानमा समावेश गरेको देखियो । सोको उपभोक्ता समितिले सोही लागत अनुमान बारावरमा सामान सप्लाई गरेको देखाई शत प्रतिशत रकम भूक्तानी दिएको देखिन्छ । यस्तो खरिद कार्यमा जनश्रमदान समेत समावेश गरेको छैन । यसरी जनश्रमदानको अंश नछुटाई लागत अनुमानमा लमसम आइटमको रुपमा प्रतिस्पर्धा वेगर सोझै सामान सप्लाईको विल पेश गरेको आधारमा उपभोक्ता समितिलाई रकम उपलव्ध गराउनु नियम संगत देखिएन । | |
| २२.२ | **दोहोरो मुल्य अभि वृद्दि कर :** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत गराउने निर्माण कार्यको लागि मुल्यअभिवृद्धि कर लाग्ने आइटममा वाहेक अरु आइटममा मुल्यअभिवृद्धि कर थप दिन मिल्ने देखिदैन । कार्यालयले उक्त भवनको कुल लागत अनुमानको १३ प्रतिशतले थप गरी मुल्यअभिवृद्धि कर दिएको र लागत अनुमान | |

| | | |
|---|---|---|
| | तयार गर्दा समेत कर योग्य सामानमा मुल्यअभिवृद्धि कर समेतको लागत अनुमान तयार गरेकोमा पुन मुल्यअभिवृद्धि कर थप गरी दिएकोले दोहोरो भुक्तानी भएको देखिन्छ । तसर्थ उपभोक्ता लाई थप गरी दिएको मुल्यअभिवृद्धि कर रु ३,८६,३३६।-असूल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने रु. | ३,८६,३३६/- |
| २२.३ | **कार्य सम्पन्न प्रतिवेदन :** ७५/२०७५/१०/२९ काडा मावि भवन निमाणको लागि रु.२२,००,०००।- बजेट विनियोजन भएकोमा दोस्रो किस्ता सम्म सबै रकम भूक्तानी दिएको देखिन्छ । उक्त निर्माण कार्य पूर्ण रुपमा सम्पन्न भएको पुष्ट्याईको लागि सम्पन्न भवनको फोटो तथा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित कार्यसम्पादन प्रतिवेदन पेश हुनु पर्ने रु. | २२,००,०००/- |
| २२.४ | **सोलार खरीद :** २६/२०७५/८/११ गाउँपालीकाले काडा मा.वि लाई सोलार खरीद वापत रु १,००,०००।- उपलब्ध गराएकोमा विद्यालयले उक्त रकमको सोलार खरिद गरी सो मा.वि.मा जिन्सी आम्दानी वाँधी, सोलार जडान गरेको प्रमाण पेश हुनु पर्ने देखिन्छ । तर उक्त सामान विद्यालयको जिन्सी खातामा आम्दानी गरेको तथा सोलार जडान गरेको पुष्ट्याईको प्रमाण पेश नभएकोले खर्च पुष्टि नभएको रु | १,००,०००/- |
| २२.५ | **ढुवानी पेश्की फछ्र्यौट :** ७६/२०७५/१०/२९ गाउँपालीकाले धनगडी तथा चैनपुर देखि पालिकाका विभिन्न वडा हरुमा सामान तथा खाद्यान्न ढुवानी गरेवापतको रकम भुक्तानी दिंदा कार्यालयका कर्मचारी र उपभोक्ता समितिका सदस्यहरुलाई समेत पेश्की उपलब्ध गराउने गरेको र उक्त पेश्की फछ्यौटमा अस्वभाविकरुपमा सामानको परिमाण वढी देखाउने,भारी संख्या अस्वभाविक रुपमा दावि गर्ने र विभिन्न व्यक्तिको रकम बुझेको भर्पाई बनाई पेश गरेको आधारमा पेश्की फछ्यौट गर्ने गरेको देखियो । जसबाट ढुवानी खर्चको यर्थाथता यकिन गर्न सकिएन । तसर्थ ढुवानी भाडा सामानको वास्तविक तौल यकिन गरी जिल्लादररेट लाई आधार लिई वास्तविक खर्च मात्र दावि गर्न पर्दछ । स्पष्ट आधार एवं पुष्ट्याई वेगर ढुवानी खर्च लेखेको उदाहरणहरु प्रौढ कक्षा संचालनको लागि कक्षा सामाग्री ढुवानी गरेको २० भारी को प्रति भारी २२५० कोदरले ४५,००० खर्च दावि गरेको छ । यो खर्च पुष्ट्याइको लागि आवस्यक पर्ने सामान खरिदको विल,सामानको परिमाण तथा तौल आदि समावेस नगरी भर्पाईको आधारमामात्र खर्च लेखेकोले, खर्चको यर्थातता यकिन गर्न सकिएन । तसर्थ यस्तो खर्च नियन्त्रण सम्वन्धमा पालिकाको ध्यानाकर्षण जरुरी देखियो । | |
| २३. | **फिल्ड निर्माण :** १०६/०७५/१२/१४ थली नि.मा.वि को फिल्ड निर्माणको लागि ९०० घ.मी माटोको काम (जग खन्ने)कार्यको लागि रु ६,७०,९७०।- को लागत अनुमान स्वीकृत गरेको देखिन्छ ।सो को साइट सफा गर्नको लागि लमसममा रु १,००,०००।- अर्थात कुल लागत अनुमानको करीव १५ प्रतिशत साइट सफा गर्ने भनी लमसम दर तोकिनु मनासिव देखिदैन । तसर्थ लागत अनुमान तयार गर्दा यथार्थ नाँपजांच गरी सोही वमोजिम लागत अनुमान तयार गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २४ | **मूल्याङ्कन भन्दा बढी भूक्तानी :** १४४/२०७६/१/३० पुलिस चौकी प्रतिक्षालय निर्माणको लागि रु २,३७,०१०।४० को लागत अनुमान स्वीकृत भए बमोजिम कार्य सम्पन्न हूँदा लागत अनुमान बरावर रु २,३७,०१०।४० को मूल्याङ्कन भएकोमा रु २,५०,०००। भुक्तानी खर्च लेखेकोले वढी खर्च दावि गरेको असूल हुनु पर्ने रु. | १२,९९०/- |
| २५ | **भल कुलो निर्माण :** १५३/२०७६/२/२ सितलालिडे देखि घोडडांडा सम्म कूलो निर्माणको लागि १९२.६ घ.मी ढुङ्गा मिसिएको माटो खन्ने काम र ३७.९८ घ.मी ढुङ्गा चिन्ने कामको लागि रु ५,७४,२६६।- को लागत अनुमान स्वीकृत गरी १२.९३ प्रतिशत जनश्रमदान र ८७.०७ प्रतिशत रकम गाउँपालीकाले दिने गरी सम्झौता भएकोमा रु ५,६१,२५९।५२ को मात्र काम सम्पन्न भएको देखियो । सो सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् । | |
| २५.१ | **वढी भूक्तानी भएको :** सम्झौता बमोजिम कामको मूल्याङ्कनको आधारमा उपभोक्ता समितिलाई रु ४,८८,६८८।- मात्र भूक्तानी दिनु पर्नेमा रु ५,००,०००।- भूक्तानी दिएकोले वढी भूक्तानी भएको रु.११,३१२।- असूल हुनु पर्ने रु. | ११,३१२/- |
| २५.२ | **काम सम्पन्न नभएको** : माटो खन्ने र ढुङ्गा सोलिङ गरी कुलो निर्माण गर्ने काम शत प्रतिशत सम्पन्न भएको प्राविधिक मूल्याङ्कको आधारमा भूक्तानी भएको भए पनि सो कूलोको प्राप्त फोटो परिक्षण हुँदा उक्त काम पूर्णरुपमा सम्पन्न भएको नदेखिएको र मौखिक सोधपुछमा | |

<table>
<tr><td></td><td>समेत उक्त कार्य मध्ये केही काम वाँकी रहेको वुझिएकोले सो सम्वन्धमा गाउँपालिकाको ध्यानाकर्षण देखिन्छ ।</td><td></td></tr>
<tr><td>२६</td><td>उपभोक्तालाई वढी भूक्तानी :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा सम्झौताअनुसार उपभोक्ता समितिको अंश कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालीकाले कामको प्राविधिक मूल्याङ्कन अनुसार कामको सम्झौता अनुसारको अंश कट्टागरी वाँकी भुक्तानी दिनु पर्नेमा निम्नानुसार घटि कट्टा गरेको देखिएकोले  बढी भुक्तानी हुन गएको रकम असुल हुनु पर्ने रु.</td><td>५,८८३/-</td></tr>
<tr><td></td><td><table>
<tr><th>भौ.नं.र मिति</th><th>कामको विवरण</th><th>लागत अनुमान</th><th>कामको मुल्याङ्कन</th><th>उपभोक्ता को अंश</th><th>भुक्तानी दिनु पर्ने</th><th>भूक्तानी भएको</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१५१/२०७६/२/१</td><td>खाने पानी मर्मत</td><td>१६८४१९</td><td>१६१८०३</td><td>१०.९३</td><td>१४४१७७</td><td>१५००००</td><td>५,८८३/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td>पूजिगत समानिकरण तर्फ :<br>२/२०७५/४/३० गाउँपालीका अध्यक्ष राजेन्द्र वहाधुर धामी २०७५।४।१ देखि २०७५।४।६ सम्म र २०७५।४।२१ देखि २०७५।४।२७ सम्म काठमाण्डौ भ्रमण गरे वापत रु ५४,८२०।- भूक्तानी दिएकोमा निज २०७५।४।२५ र २०७५।४।५ मा धनगढी देखि चैनपुर वस भनि भ्रमण आदेशमा उल्लेख गरी रु २०,०००।- भूक्तानी दिएको देखियो । सो सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् ।</td><td></td></tr>
<tr><td>२७.१</td><td>वस भाडा : उपरोक्त बमोजिम भ्रमण विलमा उल्लेख गरी वस भाडा दश-दश हजार दावि गरेकोमा धनगढी चैनपुरको वस भाडा वापत रु ८१०।- मात्र रहेकोले निजले एक तर्फी यात्रामा उल्लेख गरेकोले स्पष्ट हुन्छ । तसर्थ वढी भाडा दावि गरेको रु १८,३८०।- असूल हुनु पर्ने रु.</td><td>१८,३८०/-</td></tr>
<tr><td>२७.२</td><td>भ्रमण अवधि भन्दा वढीको भुक्तानी : अध्यक्ष राजेन्द्र वहाधुर धामी मिति २०७५/४/२५ मा धनगढी-चैनपुर आएको संलग्न श्रेष्ता परीक्षण वाट देखिन्छ । तर भ्रमण भत्ता ४।२७ सम्मको भुक्तानी भएकको देखिएकोले कार्यालयमा उपस्थित भएको अवधिको  दैनिक भ्रमण भत्ता भुक्तानी गर्न मिल्ने नदेखिको रु १,७६०।- असूल हुनु पर्ने देखिएको रु.</td><td>१,७६०/-</td></tr>
<tr><td>२७.३</td><td>भ्रमण अवधि फरक गरेको : २/२०७५/४/३० उपाध्यक्ष कल्पना देवी बोहोरा कांडा-चैनपुर-काँडा भ्रमण गरेवापत दैनिक भ्रमण भत्ता वापतको रकम भुक्तानी दिंदा कांडा चैनपुर ३ दिन र फर्कदा २ दिन दावि गरेकोले १ दिन बढी दावि गरेको असूल हुनु पर्ने रु.</td><td>१,७६०/-</td></tr>
<tr><td>२८.</td><td>सैना गाउँ खानेपानी उ.स.: १६६/२०७६/२/१० सैना गाउँ खानेपानी उपभोक्ता समितिलाई रु ७,५०,०००।- भुक्तानी दिने गरी सम्झौता भएकोमा रु १,०००,०००।- दिएकोले वढी भूक्तानी दिएको रु २,५,००००।- असुल हुनु पर्ने रु.</td><td>२,५०,०००/-</td></tr>
<tr><td>२९.</td><td>गत वर्षको भूक्तानी : १०/२०७५/६/२३ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४०(६) बमोजिम चालु वर्षमा भुक्तानी दिन बजेट अभाव भएको अथवा कुनै कारण भए सो समेतको आधारमा भुक्तानी दिन बाँकिको कच्चा वारी प्रमाणीत गरी राखेको आधारमा आगामी वर्षमा भुक्तानी दिन सकिनेमा कार्यालयले सो वमोजिम प्रमाण वेगर कांडा मा.वि लाई गत वर्षको बाँकी भनि रु.२,५९,०००।- भूक्तानी दिई खर्च लेखेको छ । यसरी गत वर्षको भूक्तानी दिंदा नियमको उत्तः व्यवस्था बमोजिम भुक्तानी दिन वांकीको कच्चावारी तथा गत वर्ष भुक्तानी हुन नसकेको स्पष्ट आधार प्रमाण को आधारमा मात्र भूक्तानी दिनु पर्नेमा सो बमोजिम कुनै प्रमाण बेगर दिएको भूक्तानीको यर्थाथता यकिन हुन नसकेकोले सो पुष्टीको आवस्यक प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल गर्नु पर्ने रु.</td><td>२,५९,०००/-</td></tr>
<tr><td>३०.</td><td>कैलास मन्दिर निर्माण : २१४/२०७६/३/२९ सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७(१४) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउँदा उपभोक्ता वा लाभग्राही समुदायको गठन विधि,काम कर्तव्य र अधिकर लगायतको विषयमा कार्यालयले अनुगमन गर्न सक्ने व्यवस्था छ । कार्यालयले कैलास मन्दिर निर्माण कार्यको मनविर बोहोराको नाममा रकम भुक्तानी दिई खर्च लेखेको छ । यसरी समिति गठन नै नगरी कुनै व्यक्तिलाई मात्र रकम</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | बुझाउनु मनासिव देखिएन । तसर्थ यस्तो खर्च सम्बन्धमा आधार प्रमाण पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्ने रु. | १,००,०००/- |
| ३१. | **चामल ढुवानी :** गाउँपालीकाले ढुवानी खर्च लेख्दा जिल्ला दर रेटलाई आधारको रुपमा लिनु पर्दछ । गाउँपालीकाले चामल ढुवानी बापत निम्नानुसार खर्च लेखेकोमा ढुवानीको जिल्ला दररेट अनुसार नगरी विना कुनै आधार प्रति किलोको रु १५०० का दरले विभिन्न व्यक्तीको भर्पाई बनाई देहाय बमोजिम खर्च लेखेको देखिएकोले ढुवानी भाडा सम्वन्धमा यर्थाता यकिन हुन सकिएन । तसर्थ उक्त खर्च पुष्ट्याईको लागि आवश्यक प्रमाण पेश हुनु पर्ने रु. | १४,८८,०००/- |

| भौ.नं.र मिति | परिमाण (के.जी) | ढुवानी स्थान | दर प्रति के.जी | जम्मा रकम |
|---|---|---|---|---|
| २१५/२०७६/३/३० | ३३०.७० | काडा-धुलीन्यूना | १५०० | ४९६००० |
| २१६/२०७६/३/३० | ३३०.७० | काडा-बलौनी | १५०० | ४९६००० |
| २१९/२०७६/३/३० | ३३०.७० | काडा-धुलीन्यूना | १५०० | ४९६००० |
| जम्मा | | | | १४,८८,०००/- |

| | | |
|---|---|---|
| ३२. | **फर्निचर निर्माण :** २१८/२०७६/३/३० कार्यालयले फर्निचर निर्माण वापत मंगल बोहोरालाई रु ८०,०००।- को भर्पाई बनाई भूक्तानी खर्च लेखेको छ । ४ थान टेबुल र कुर्चि प्रति थान १०,०००।- को दरले खर्च लेखेकोमा उक्त फर्चिचर जिन्सी दाखिला भएको पाइएन । यसरी बनाइएका भर्पाईहरु प्रमाणित समेत हुने नगरेकोले खर्चको वास्तविकता पुष्टि हुन सकेन तसर्थ यस्तो भुक्तानी नियन्त्रण सम्बन्धमा सम्बन्धित निकायको ध्यानकर्षण हुनु पर्ने देखिन्छ । | |
| ३३. | **लागत अनुमान र मुल्यांकन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा कामको प्राविधिक मुल्याङ्कनको मात्र भुक्तानी दिनु पर्ने,यसरी भुक्तानी दिंदा उपभेक्ता समितिको अंश कटाएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालय वाट विभिन्न उपभोक्ता समितिहरु संग विभिन्न योजनाहरुको लागत अनुमान तयार गरी सोमा उपभोक्तको अंश छुट्टाई संझौता गरेको देखिन्छ । तर प्राय सवै योजनाको लागत अनुमान उच्च दरमा तयार गर्ने र सोही वमोजिम लागत अनुमान वरावर हुने गरी मुल्यांकन गरी कार्यालय संग भएको संझौता अनुसारको रकम भुक्तानी दिने गरेको देखिन्छ ।यर्थातमा उपभोक्ताको अंश Over valuationको अंश कटाएको देखाई भुक्तानी भएको देखिन आयो । जसवाट अधिकांश योजनामा जन श्रमदान शुन्य रहेको छ । अधिकांश योजना लागत अनुमान संग वरावर मुल्यांकन गरेको देखिएकाले फिल्डमा गई प्राविधिक नाँप जाँच गरी मुल्यांकन गर्नुपर्दछ । कार्यालय मार्फत नाँपजाँच गरी जारी प्रतिवेदनमा फरक परेको नदेखिंदा सो नाँपजाँचको यर्थातता सम्वन्धमा विस्वस्त हुने आधार देखिएन । यस्का केही उदारहण निम्न छन् । | |

| गो.भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान | मुल्यांकन रकम |
|---|---|---|---|
| १५७/२०७६/२/५ | लोकन्ते खोला लघु जल विद्युतत्र | ३२९१२८ | ३२९१२८ |
| १७५/२०७६/२/१४ | काडा ट्वाइलेट निर्माण | १६२०७४ | १६२०७४ |
| १९८/२०७६/३/२३ | रातापानी काठेपुल | ९६४८७९ | ९६४८७५ |
| २००/२०७६/३/२४ | सुर्मा देवि प्रा.वि भवन | ६८७०७७ | ६८७०७७ |
| २१२/२०७६/३/२९ | धुली नि.मा.वि | ९२२९९२ | ९२२९९२ |

| | | |
|---|---|---|
| ३४ | **सोभ्कै खरिद :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुका पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोभ्कै खरिद गर्न नहुने उल्लेख छ । नमुना | |

परीक्षण गर्दा कार्यालयले २०७५/०७६ मा देहाय बमोजिम रु.२२,७४,३७०/- को छपाई, कार्यालय सामान, उपकरण आदि खरिद गरेको देखियो । खरिद कार्यमा सवैको सहभागिता र संलग्नतालाई प्रोत्साहित गरी यसलाई मितव्ययी प्रतिष्पर्धात्मक र गुणस्तरीयता बनाउन कार्यालयले ध्यान दिनुपर्छ ।

| गो.भौ.नं./मिति | आपूर्तिकर्ताको नाम | खरिद विवरण | रकम रु. |
|---|---|---|---|
| ४०/२०७५/६/२४ | सगुन ट्रेर्डस एण्ड अर्डर सप्लायर्स | स्टेसनरी सामान | १४७९९० |
| ४१/२०७५/६/२४ | सगुन ट्रेर्डस एण्ड अर्डर सप्लायर्स | फर्निचर | २८६४५५ |
| ५५/२०७५/६/२६ | स्टार फोटो कन्सर्न एण्ड मेसेन्जर्स | स्टेसनरी | ८१००० |
| १९८/२०७५/१२/२० | सगुन ट्रेर्डस एण्ड अर्डर सप्लायर्स | स्टेसनरी | २३९५३१ |
| २७५/२०७६/३/१७ | उरै सुर्मा स्टेशनरी अर्डर एण्ड सप्लायर्स | छपाई | १६४७५४ |
| २६९/२०७५/३/२० | सगुन ट्रेर्डस एण्ड अर्डर सप्लायर्स | स्टेसनरी | ४०८२०२ |
| ३११/२०७६/३/२८ | उरै सुर्मा स्टेशनरी अर्डर एण्ड सप्लायर्स | छपाई | ४८५९०० |
| २३७/२०७६/३/२० | किस सप्लायर्स | | ११८३७५ |
| २३८/२०७६/३/२० | अमिर मार्केट एण्ड सप्लायर्स | | ३४२१६३ |
| | **जम्मा** | | **२२७४३७०** |

३५. **मुल्य अभिवृद्धि कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को नियम ६(ग) अनुसार ठेक्का वा करार अर्न्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी शतप्रतिशत भुक्तानी दिएको देखिएकोले २०७६।०२।१६ पछिको सवै भुक्तानीको ५० प्रतिशत मु.अ.कर रकम यकिन गरी असुल एवं दाखिला गर्नु पर्दछ ।कार्यालयले उपलव्ध गराएको तथा लेखापरीक्षणवाट यकिन गरीएको निम्नानुसारको मु.अ.कर रकम असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु. ७४,८३०/-

| भौ.नं.र मिति | आपूर्ति कर्ताको नाम | स्थायी लेखा नं. | बिलको मिति | कुल भुक्तानी रकम | मु.अ.कर रकम | दाखिला हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| २९३/२०७६/३/२४ | दिक्षन्त विज्ञपन सेवा | ६००७७८५०९ | २०७६/२/२९ | | २८०५४ | १४०२७ |
| ३०८/२०७६/३/२८ | अमिर मार्केट एण्ड सप्लायर्स | ६०८७०३७७४ | २०७६३/२७ | ४९८७८२ | ५७३८० | २८६९१ |
| १८४/२०७६/३/१६ | बफाङ्गट्रेड एण्ड सप्लायर्स | | २०७६/३/१६ | ५६०००० | ६४४२४ | ३२११२ |
| **जम्मा** | | | | | | **७४८३०** |

३६. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका

| | | |
|---|---|---|
| | सदस्यले पाउने सूविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सूविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार साइपाल गाउँपालीकाले सो वापत यो वर्ष रु.३३,३१,२००/- सूविधा भूक्तानी गरेको छ । भने गत वर्षको तलव रु. ३३,३१,२००/-समेत यो वर्ष खर्च लेखेको छ । | |

| विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ५ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १४ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३०००० | २५००० | २०००० | ८००० | ५००० | |
| सञ्चार सुबिधा ( मासिक दरमा) | ११०० | १००० | ५०० | | | |
| **मासिक जम्मा** | **३७३२००** | **३१२०००** | **१२३००००** | **५७६०००** | **८४००००** | **३३३१२००** |

| | | |
|---|---|---|
| ३७. | **दोहोरो तलव :** सुदुर पश्चिम प्रदेशले मिति २०७५।३।३ मा पारित गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा मासिक पारीश्रमिक,दफा ४ मा यातायात सुविधा,दफा ५ मा पत्रपत्रिका र सञ्चार सुविधा र दफा ६ मा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ । गाउँपालीकामा रहेका २७ पदाधिकारी हरुको संचार खर्च र पारीश्रमिक समेत एक महिनाको रु २,७४,८७०।- का दरले १२ महिनाको रु.३२,९८,४४०।- मात्र खर्च लेख्नु पर्नेमा भौचर नम्बर ३४,७३,९६,१३८,१७३,२०५,२८२ बाट पदाधिकारी पारिश्रमिक उल्लेख गरी रु. ३३,४०,०४०।- खर्च लेखेकोले वढी भुक्तानी दिएको रु.४१,६००।-नाम नामेसी यकिन गरी असुल हुनु पर्ने रु. | ४१,६००/- |
| ३८. | **पदाधिकारी पोशाक भत्ता** ६९/२०७५/१०/२७ सुदुर पश्चिम प्रदेशले मिति २०७५।३।३ मा पारित गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा मासिक पारीश्रमिक,दफा ४ मा यातायात सुविधा,दफा ५ मा पत्रपत्रिका र सञ्चार सुविधा र दफा ६ मा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको र पोशाक भत्ता सम्वन्धमा कुनै व्यवस्था गरेको देखिंदैन । यस गाउँपालीकाले नियम विपरीत गाउँपालीकाबाट निर्णय गराई सबै जनप्रतिनिधिलाई अंकित ट्रेडर्स एण्ड सप्लायर्स को विल पेश गरी ड्रेस भत्ता वापत रु. १,४८,७७५।८० खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभएको सुविधा गाउँपालिकाले निर्णय गरी खर्च लेख्न मिल्ने नदेखिएकोले असुल हुनु पर्ने रु. | १,४८,७७५/८० |
| ३९. | **पेश्की फछ्र्यौट :** ३०८/२०७६/३/२८ कृष्णराज जोशीलाई कार्यालय सामान तथा औषधी खरीद गर्न रु.१५,००,०००।- पेश्की उपलब्ध गराएकोमा सो फछ्र्यौट हुंदा निजले पेश गरेको फाँटवारी अनुसार रु.१४,९२,६७२।- को मात्र विल भपाई पेश भएकोले वढी भुक्तानी भएको रु.७,३२८।- र आयकर ऐन २०५८ को दफा ८९ अनुसार करारीय संझौताको भुक्तानी भएको रु १४,१८,९७५।- को १.५ प्रतिशत अग्रिम कर रु २१२८४.६५ दाखिला गर्नु पर्नेमा रु १०,९६५।- मात्र दाखिला गरेकोले नपुग कर रकम रु १०,३१९।६५ समेत जम्मा रु.१७,६४७।६५ असुल हुनु पर्ने रु. | १७,६४७/६५ |
| ४०. | **कर दाखिला नगरेको :**आयकर ऐन २०५८ को दफा ९० बमोजिम महिना समाप्त भएको २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसार कर कट्टी गरेकोमा उक्त रकम राजस्व खातामा दाखिला गर्नु पर्नेमा वर्षान्त सम्म दाखिला गरेको नदेखिएका रु ३४,५३४/-दाखिला हुनु पर्ने रु. | ३४,५३४/- |

| गो.भौ. र मिति | विवरण | दाखिला गर्नु पर्ने रकम |
|---|---|---|
| ४/२०७५/४/३ | अग्रिम आयकर | ७७८४.०० |

| | | |
|---|---|---|
| २२८,२०७६/३/३१ | अग्रिम आयकर (नवदुर्गा) | २२७०.०० |
| १०/२०७६/३/२९ | पारिश्रमिक (डाटा संकलन) | १८७५०.०० |
| १०६(च) ४९१० र १०६(ङ) | अग्रिम आयकर | ५७३०.०० |
| | जम्मा : | ३४,५३४/- |

,

४१. **पारिश्रमिक कर :**निम्न कर्मचारीहरुको आयकर ऐन २०५८ को दफा ८ अनुसारको जम्मा वार्षिक रोजगारी आयमा ऐन वमोजिम कट्टी गर्न पाउने अवकाश कोष कट्टी रकम,दुर्गमभत्ता छुट,विमा छुट पछिको कर योग्य आयमा ऐनको अनुसूचि १ को दफा १(२) तथा आर्थिक ऐन २०७५ अनुसार कर कट्टी गर्नु पर्ने व्यवस्था छ । आयकर ऐन २०५८ अनुसार महिना समाप्त भएको २५ दिन भित्र कर दाखिला गर्नु पर्ने व्यवस्था छ । निम्नानुसार कर घटी कट्टी भएको रकम असुल गरी दाखिला हुनु पर्ने रु. १०,१६२/-

| **कर्मचारीको नाम** | **रोजगारीबाट प्राप्त जम्मा वार्षिक आय** | **छुट रकम** | **करयोग्य आय** | **दाखिला गर्नु पर्ने कर** | **दाखिला भएको** | **छुट भएको रकम** |
|---|---|---|---|---|---|---|
| विक्रम वहादुर खड्का | ५४८२२०. | ५०००० | ४९८२२० | १३८२२ | ३६६० | १०१६२.०० |
| **जम्मा** | | | | | | **१०,१६२/-** |

४२. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८८ अनुसार भाडा भुक्तानीमा श्रोतमा १० प्रतिशत र दफा ८९ अनुसार रु ५० हजार भन्दा वढीको करार वमोजिमको रकम भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ । निम्नानुसार को भुक्तानीमा श्रोतमा कर कट्टी नगरेकोले असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने रु. ११,६६३/-

| **भौ.नं.र मिति** | **सप्लायर्स** | **भुक्तानी रकम** | **करको दर (प्रतिशत)** | **असुल हुनु पर्ने रकम** |
|---|---|---|---|---|
| ५/२०७५/५/२५ | महिमान व्यासि नौलो पसल | ९६१८५ | १.५ | १४४३ |
| ४०/२०७५/६/४ | सगुन ट्रेडर्स एण्ड अडर्स सप्लायर्स | १४७९९० | १.५ | २२२० |
| ८२/२०२/७५/५/१० | औसधि खरीद | ८०००० | १० | ८००० |
| | **जम्मा** | | | **११,६६३/-** |

४३. **प्रमाण विनाको भुक्तानी :** १६४/२०७५/१२/२४ आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ (२) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र उपदफा (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालीकाले निम्न होटल बाट आधार र प्रमाण बेगर खर्च लेखेको नियमित नदेखिएको रु. १५,७२,३३०/-

| **भौ.नं.र मिति** | **होटलको नाम** | **रकम** |
|---|---|---|
| १९३/२०७५/१२/१५ | बोहोरा होटल | १०४४००.०० |
| ३६/२०७५/३/२४ | गुरुङ होटल | १२००००.०० |
| १७०/२०७५/१२/१० | साइपाल होटल | १९७०००.०० |
| ४३/२०७५/६/२४ | बोहोरा होटल | १२४८००.०० |
| १६६/२०७५/११/२८ | साइपाल होटल | ३२१०००.०० |
| | तामाङ होटल | ६००००.०० |
| ९३/२०७५/८/२१ | सैलुङ होटल | ९६९८०.०० |
| २८८/२०७६/३/२३ | लामा गेद होटल | १४८७५०.०० |
| | मनिता तामाङ भर्पाई | १९८०००.०० |
| १९१/२०७५/१२/१५ | गौरी वोहोरा भरपाई | १०४४००.०० |

| | | |
|---|---|---|
| | २४२/२०७६/२/१४ \| धिर्क वोहोरा \| ९७०००.०० <br> जम्मा : \| \| १५,७२,३३०/- | |
| ४४. | **स्थानीय भत्ता वढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकाले अन्य जिल्ला कार्यालय हरुमा सरुवा भई गएका निम्नानुसारका कर्मचारी हरुलाई रमना भएको अवधि भन्दा वढी भुक्तानी दिएको रकम असुल गर्नु पर्ने देखिएको रु | ७,१८८/- |

| गो.भौ र मिति | सरुवा भएका कर्मचारीको नाम | लागु हुने मिति | भुक्तानी भएको मिति | वढी भुक्तानी भएको दिन | असुल गर्नु पर्ने रकम |
|---|---|---|---|---|---|
| २४४/२०७६/३/१५ | लालसिंह डडाल | ०७६/३/२३ | २०७६/३/३१ | ९ | २३१३.०० |
| २००/२०७५/१२/२० | प्र.प्र.अ.अशोक कुमार नेपाली | २०७५/१२/२१ | २०७६/३/३१ | ११ | ४८७५.०० |
| | जम्मा : | | | | ७,१८८/- |

| | | |
|---|---|---|
| ४५ | **तलव भत्ता वढी भुक्तानी** : ८७/२०७६/८/१४ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । विभिन्न ८ जना कर्मचारीहरुलाई रु.९,०५०।- का दरले रु ७२,४००।-र १ जनालाई रु १०,८५०।- समेत जम्मा रु.८३,२५०।- मात्र खर्च लेख्नु पर्नेमा रु. १,१९,२००।- खर्च लेखेकोले वढी भूक्तानी भएको रु ३५,९५०।- असुल हुनु पर्ने रु. | ३५,९५०/- |
| ४६. | **शिक्षा तर्फ :** शिक्षा नियमावली एंव शैक्षिक निर्देशिका बमोजिम शिक्षकहरुले पाउने वर्षे विदामा स्थानीय भत्ता नपाउने व्यवस्था गरेको छ । यस गाउँपालीका अन्तरगतका निम्न शिक्षकहरुलाई वर्षे विदा १.५ महिनाको स्थानीय भत्ता भूक्तानी दिएको देखिएकोले नपाउने भत्ता असुली गरी राजस्व खातामा दाखिला गर्नु पर्ने रु. | १,००,६५०/- |

| विद्यालयको नाम | शिक्षकको नाम | तेश्रो चौमासिकमा निकासा भत्ता | १.५ महिनाको नपाउने भत्ता |
|---|---|---|---|
| धौलोन मा.वि | हिक्मत बहादुर सिंह | ३०८४० | ११५६५.०० |
| | झलक वहादुर धामी | २५८४० | ९६९०.०० |
| | गणेशराज उपाध्याय | २५८४० | ९६९०.०० |
| धुली नि.मा.वि | नवराज जोशी | ३०८४० | ११५६५.०० |
| | धर्मराज जोशी | २५८४० | ९६९०.०० |
| भगवती प्रा.वि | मिन बहादुर ऐडी | २५८४० | ९६९०.०० |
| | युवराज धामी | २५८४० | ९६९०.०० |
| तपोवन जनज्योती प्रा.वि | दिपक रोकाय | २५८४० | ९६९०.०० |
| काँडा मा.वि | भरात कुमार बोहोरा | २५८४० | ९६९०.०० |
| | दिपक रोकाय | २५८४० | ९६९०.०० |
| **जम्मा** | | **२६८४००** | **१,००,६५०/-** |

| | | |
|---|---|---|
| ४७ | **आन्तरीक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन २०७४(२) तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ मा आन्तरीक लेखापरीक्षण सम्वन्धी व्यवस्था छ । कोष तथा लेखानियन्त्रक कार्यालयबाट आन्तरीक लेखापरीक्षण गरी मिति २०७६/५/३० मा प्रतिवेदन | |

<table>
<tr><td></td><td>जारी गरेको छ । आन्तरीक लेखापरीक्षणवाट औल्याईका मुख्य व्यहोरा निम्नानुसार छन् । आन्तरीक लेखापरीक्षकबाट औल्याईएको वेरुजू फछ्र्यौट गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४७.१</td><td>अग्रिम कर : आयकर ऐन २०५८ को दफा ८८ अनुसार भाडा भुक्तानीमा श्रोतमा १० प्रतिशत, सेवा परामर्शमा १५ प्रतिशत र दफा ८९ अनुसार रु ५० हजार भन्दा वढीको करार वमोजिमको रकम भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ । निम्नानुसार को भुक्तानीमा श्रोतमा कर कट्टी नगरेकोले असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>सप्लायर्स/भुक्तानी लिनेको नाम</th><th>भुक्तानी रकम</th><th>करको दर (प्रतिशत)</th><th>असुल हुनु पर्ने रकम</th></tr>
<tr><td></td><td>वडा नं. ३ का वडा अध्यक्ष श्री जंगविर वोहोरा</td><td>१०५०००</td><td>१.५</td><td>१४४४.००</td></tr>
<tr><td></td><td>खप्तड सैलुन होटल</td><td>२४५०००.</td><td>१.५</td><td>३६७५.००</td></tr>
<tr><td></td><td>विभिन्न (सामान खरिद)</td><td>१४७९९०</td><td>१.५</td><td>१९६५.००</td></tr>
<tr><td></td><td>वडा सचिव कृष्ण राज जोशी</td><td>९२०५७.००</td><td>१.५</td><td>१२२२.००</td></tr>
<tr><td></td><td>भागेश्वर चौधरी(भाडा)</td><td>१५०००.००</td><td>१०</td><td>१५००.००</td></tr>
<tr><td></td><td>सुर्मा देवी सिरक कुटानी पिसानी</td><td>२५२५०.००</td><td>१५</td><td>३७८८.००</td></tr>
<tr><td></td><td>दिपेश इलेक्ट्रोनिक्स हाउस</td><td>११९९४०.०</td><td>१५</td><td>१७९९१.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३१५८५/-</td></tr>
</table></td><td>३१,५८५/-</td></tr>
<tr><td>४७.२</td><td>मु.अ.कर दर्ता :सार्वजनिक खरिदनियमावली २०६४को नियम १९ अनुसार रु २० हजार भन्दा वढीको कर योग्य खरिदमा मु.अ.करमा दर्ता भएको व्यक्ती फर्म वा सप्लायर्सवाट मात्र आपूर्ति गर्नु पर्ने व्यवस्था गरेको छ । यसगाउँपालिकाले निम्नानुसार मु.अ.करमा दर्ता नभएको संग खरिद कार्य गराएको अनियमित देखिएको रु
<table>
<tr><th>गो.भौं र मिति</th><th>सप्लायर्सको नाम</th><th>खरिद विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td></td><td>नवदुर्गा प्रिन्टर्स(पे.फ. भरत कुमार सिंह)</td><td>छपाई</td><td>९१३२५.००</td></tr>
<tr><td></td><td>नवदुर्गा प्रिन्टर्स धनगढी</td><td>छपाई</td><td>५६३५०.००</td></tr>
<tr><td></td><td>जम्मा :</td><td></td><td>१४७६७५/-</td></tr>
</table>
उपरोक्त वमोजिम कर योग्य कारोवार गर्ने सप्लायर्सले कर विजक जारी गरेको नदेखिंदा मु.अ.कर ऐन २०५२ वमोजिम रु १,४७,६७५।मा मु.अ.कर असुल हुन छुट भएको रु १९,१९८।- समेत यकिन गरी असुल हुनु पर्दछ ।</td><td>१४७६७५/-</td></tr>
<tr><td>४७.३</td><td>अवास्तविक कर विजक :मु.अ.कर ऐन २०५२ तथा नियमावली २०५३ अनुसार कर योग्य कारोवार गर्ने व्यक्तीले सम्वन्धित आन्तरिक राजस्व कार्यालय मार्फत मु.अ.कर मा दर्ता भएको कर विजक पेश गरेको आधारमा मात्र मु.अ.कर उठाउन पाउने व्यवस्था गरेको छ । पाथिभेरा मिडिया हाउस पान नं.३०८०१०००५ भ्याटमा दर्ता नभएकोमा नक्कली भ्याट विल प्रयोग गरी रु ३८९००।-भुक्तानी भएको हुदा भ्याट रकम असुल हुनु पर्ने रु.</td><td>३८,९००/-</td></tr>
<tr><td>४७.४</td><td>प्राविधिक मुल्यांकन :सार्वजनिक खरिद नियमावली २०६४ को १२५(३) वमोजिम निर्माण कार्यको भुक्तानी दिंदा ड्रइङ डिजाईन अनुसार भए नभएको नाँपजाँच गरी सोही वमोजिम प्रतिवेदन पेश गरेको आधारमा मात्र भुक्तानी दिने व्यवस्था छ ।यस गाउँपालिकाले निम्नानुसारको निर्माण कार्यको भुक्तानीमा नियमको उक्त व्यवस्था वमोजिम आवस्यक नाँपजाँच तथा प्राविधिक मुल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन वेगर भुक्तानी गरेको देखिएकोले सो सम्वन्धमा आवस्यक प्रमाण पेश हनु पर्ने अन्यथा जिम्मेवार पदाधिकारीलाई जिम्मेवार वनाई असुल हुनु पर्ने रु
<table>
<tr><th>गो.भौ.र मिति</th><th>सप्लायर्स को नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td></td><td>उ.स.</td><td>गनेगाड झोलुङगे पुल मर्मत</td><td>३००००.००</td><td>ल.ई,नापी किताव,काय सम्पन्न प्रतिवेदन नभएको</td></tr>
<tr><td></td><td>उ.स.अध्यक्ष</td><td>रातापानी काठेपुल</td><td>१०००००.०</td><td>किताव,काय सम्पन्न</td></tr>
</table></td><td>२,१५,७००/-</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | प्रताप विष्ट | निर्माण | | प्रतिवेदन नभएको विलको आधारमा मात्र भुक्तानी |
| | **उ.स.** | धलौन धारा | ३५७००.०० | प्राविधिक नाँपजाँच वेगर पेश्की फछ्र्यौट |
| | **उ.स.** | जनजाती कार्यक्रम | ५००००.०० | प्राविधिक नाँपजाँच,प्रशिक्षक र कार्यक्रम स्पष्ट नभएको |
| | | **जम्मा :** | २१५७००/- | |

४७.५ **थप स्थानीय भत्ता :** भ्रमण खच नियमावली २०६४ अनुसार अनुसूचिमा उल्लेखित हिमाली जिल्लाहरुमा भ्रमण तथा कार्यरत कर्मचारीलाई दैनिक भत्तामा १० प्रतिशत थप पाउने उल्लेख छ । प्रमुख प्रसासकिय अधिकृत अशोक कुमार नेपालीले धनगढी पोखरासम्मको पारीवारीक दैनिक भ्रमण भत्ता लिदा समेत हिमाली जिल्लामा लिन पाउने १० प्रतिशत थप भत्ता लिएको रु १५२०। को दरले ६ दिनको ९,१२०।- असुल गरी दाखिला गर्नुपर्ने रु.

९,१२०/-

४७.६ **प्रमाण नपुगेको** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस पालिकाले विभिन्न व्यक्ती एवं समुहलाई अनुदान तथा खर्च रकम भुक्तानी दिएकोमा सो खर्च एवं भुक्तानीको लागि आवस्यक पर्ने प्रमाण कागजात संलग्न गर्नुपर्नेमा देहाय अनुसारको प्रमाण पुगेको नदेखिएकोले खर्च पुष्टि हुन सकेन । तसर्थ सो सम्वन्धमा आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु

१,६७,२५०/-

| **गो.भौ.र मिति** | **खर्च विवरण** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी दिएको रकम** | **पेश हुनु पर्ने आवस्यक प्रमाण** |
|---|---|---|---|---|
| | सामान ढुवानी वापत | हंश व. सार्की | १३००००.०० | विल भर्पाई पेश नभएको |
| | विभिन्न भुक्तानी | व्यक्ती वाट कट्टा गरेको कर | ७५००.०० | कर दाखिला नगरेको |
| | वार्षिक समिक्षा सहजीकरण | धर्म जङ बहादुर सिंह | २९७५०.०० | पुष्ट्याईको प्रमाण नभएको |
| | | जम्मा : | १,६७,२५०/- | |

४७.७ **विलभर्पाई भन्दा वढी भुक्तानी :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले निम्नानुसार विल भर्पाई भन्दा वढी भुक्तानी गरको रकम सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असुल हुनु पर्ने देखिएको रु

५६,६०३/-

| **गो.भौ. र मिति** | **कार्यक्रमको नाम** | **विलभर्पाई अनुसारको रकम** | **भुक्तानी खर्चलेखेको रकम** | **असुल हुनु पर्ने रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| | गाडघाट लघु जलविद्युत | ३३२५०००. | ३३३३४०३ | ८४०३.० | प्राविधिक मुल्यांकन भन्दा वढी भुक्तानी |
| | थली मा.वि भवन | १५५१८००. | १६०००००. | ४८२००. | मुल्यांकन तथा विल भन्दा वढी भुक्तानी |
| | **जम्मा** | **४८७६८००** | **४९३३४०३** | **५६६०३** | |

४८. **सेवा प्रवाह स्थिति :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिका,नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । कार्यालयले गाउँपालीकाका वडा तथा कार्यालयबाट सिफारिस तथा पंन्जिकरण सम्वन्धी कार्यहरुको अभिलेख राखेको देखिएन । सम्पादित सेवा प्रवाहको तथ्यांक तथा सोको व्यवस्थित अभिलेख राखी त्यसको प्रभावकारिताको सम्वन्धमा अनुगमन तथा मूल्यांकन गरेको देखिएन । स्थानीय सेवा प्रवाहको सम्वन्धमा गाउँपालिकालाई जिम्मेवार तथा जवाफदेही बनाउनु पर्दछ ।

४९. **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । कायालयले यो वर्ष न्यायिक समितिमा कुनै पनि किसिमको उजुरी नपरेकोले मुद्दा दर्ता, फछ्र्यौट तथा अन्य निकायमा लेखी नपठाएको विवरण प्राप्त भएको छ ।

| | | |
|---|---|---|
| ५०. | **पेश्की वाँकी :** आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ७९ वमोजिम कर्मचारी एवं निकायले लिएको पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ। कार्यालयले दिएको निम्न पेश्की वर्षान्त सम्म फछ्र्यौट भएको नदेखिएकोले नियमको उक्त व्यवस्था अनुसार असुल फछ्र्यौट गर्नु पर्ने रु. | १,२७,६१,५३५/- |

| पेश्की मिति | पेशिक लिनेको नाम | यस बर्षको पेशिक |
|---|---|---|
| | दिल बहादुर रोकाय | ५००००.०० |
| | शिक्षक प्रम बहादुर बोहोरा | ९५०००.०० |
| | प्रध्यानाध्यापक खेमराज जोशी | ४५०००.०० |
| | दिलु रोकाया | ५००००.०० |
| | सविसा निर्माण सेवा | २७३०३३४.०० |
| | मोहना एण्ड ढोकल निर्माण सेवा | १९५२०१३.०० |
| | प्रशान्त निर्माण सेवा | २००००००.०० |
| | सुमन निर्माण सेवा | ५०७२०००.०० |
| | विभिन्न विद्यालय पेश्की | ५१७१८८.०० |
| | साइपाल नाम्खा गुम्वा उपभोक्ता समिति | २५००००.०० |
| | **जम्मा :** | **१,२७,६१,५३५/-** |

| | | |
|---|---|---|
| ५१ | **सम्परीक्षण :-** आर्थिक कार्याविधि ऐन २०५५ को दफा १८ मा लेखापरीक्षणवाट औल्याएको वेरुजु सम्वन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने तथा दफा १९ मा महालेखपरीक्षकको कार्यालयवाट लेखापरीक्षण हुँदा औल्याइएको वेरुजु सम्वन्धमा सो वेरुजूको सूचना प्राप्त गरेको ३५ दिन भित्र सम्वन्धित कार्यालयले तोकिए वमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले हाल सम्मको वेरुजू वाँकीको लगत अद्यावधिक गरेको छैन । लेखापरीक्षणको अवधिमा कार्यालयले निम्नानुसार वेरुजू फछ्र्यौट गरी संपरिक्षणको लागि अनुरोध भै आए बमोजिम देहाय अनुसार रु.२२,६९,२५१/-सम्परीक्षण गरीएको छ। लगत कट्टा भए पश्चात सो व्यहोराको जानकारी गराइनेछ। | |

| आ.व | दफा | सम्परीक्षणको लागि अनुरोध भएको रकम | सम्परीक्षण गरीएको रकम | सम्परीक्षणको व्यहोरा |
|---|---|---|---|---|
| २०७४/०७५ | २३ | ७६३२८ | ७६३२८ | कर कट्टी दाखिलाको प्रमाण पेश |
| | १४७ | ८२३८६ | ८२३८६ | २ जनाको छुट तलव भत्ताको प्रमाण पेश |
| | १४९ | २४००० | २४००० | कर कट्टीको प्रामाण पेश |
| | ६७ | १२७५० | १२७५० | कर कट्टीको प्रमाण पेश |
| | १४ | ३९००० | ३९००० | कर कट्टी को प्रमाण पेश |
| | १६१ | २८३५० | २८३५० | कर कट्टी को प्रमाण पेश |
| | १५९ | १२६०९३७ | १२६०९३७ | कार्य सम्पन्न प्रतिवेदन, फोटो पेश |
| | ९ | ७४५५०० | ७४५५०० | नगद दाखिला गरेको भौचर पेश |
| **जम्मा** | | **२२,६९,२५१/-** | **२२,६९,२५१/-** | |

| | | |
|---|---|---|
| ५२. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु पर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :रु हजारमा | |

| गत वर्षको वेरुजू रकम (रु हजारमा) .A | यो वर्ष फछ्र्यौट (रु हजारमा) (B | वाँकी (C=A-B) |
|---|---|---|
| **३२५८४** | **२२६९** | **३०३१५** |

अनुसूची- १

## साईपाल गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| साईपाल गाउँपालिका | बझाङ | **१०४९०** | ६६८९७ | ५७४९६ | ३७९६४ | **१६२३५७** | ६७४८६ | ६४८४६ | २८३० | **१३५१६२** | **३७६८५** |

अनुसूची– २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियामित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| बझाङ | साईपाल | २६ | ४७ | ४३०६५ | ०० | ०० | ०० | २६ | ४७ | ४३०६५ | १५७३६ | १७२० | १२८४७ | | | **१४५६७** | १०० | १२६६२ | १२७६२ |

अनुसूची- ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्योट | बाँकी | यो वर्ष सं.प बाट कायम भएको वेरुजू | यस वर्षको वेरुजू | कुल वाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | साईपाल गाउँपालिका | **बझाङ** | **३२५८४** | २२६९ | ३०३१५ | ० | ४३०६५ | ७३३८० |